# उद्यमशीलता

वर्ष ८

अङ्क २

पौष, २०८२

त्रैमासिक बुलेटिन (कार्तिक २०८२ - पौष २०८२)




नेपाल सरकार

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

सिंहदरबार,काठमाण्डौ

# बुलेटिनभित्र......

१. तथ्याङ्कमा उद्योग
२. नीति, कानुन, कार्यविधि तर्जुमा/संशोधनः
३. स्टार्टअप प्रवर्द्धन कार्यक्रम
४. औद्योगिक तथा लगानी प्रवर्धन कार्यक्रम
५. वाणिज्य क्षेत्र
६. लघु घरेलु तथा साना उद्योग प्रवर्धन
७. आपूर्ति तथा उपभोक्ता हित संरक्षण
८. उत्पादकत्व लाभ साझेदारी कार्यक्रम

सम्पादकीय

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले औद्योगिक विकास, लगानी, व्यापार तथा उत्पादनशील क्षेत्रका क्रियाकलाप र तिनको उपलब्धि सम्बन्धित सरोकारवालाहरूसमक्ष सम्प्रेषण गर्न त्रैमासिक रूपमा उद्यमशीलता बुलेटिन प्रकाशन गर्ने गरेको छ। उद्यमशीलता बुलेटिनको यो अङ्कमा औद्योगिक विकास तथा लगानी प्रवर्द्धन एवम् व्यापार तथा वाणिज्य क्षेत्रमा मन्त्रालय र मातहत निकायबाट चालु आर्थिक वर्ष २०८२।८३ को दोस्रो त्रैमासिक अवधिमा सम्पादन भएका प्रमुख कार्य तथा उपलब्धीहरू समेटिएका छन्।

चालु आर्थिक वर्षको कार्तिक देखि पौष मसान्तसम्ममा मन्त्रालयले प्रथम त्रैमासिकमा गरिएका नीतिगत सुधार तथा कार्यविधिगत सरलीकरणका आधारमा मन्त्रालयको वार्षिक कार्यक्रम अन्तर्गतका कार्यक्रमको कार्यान्वयनमा जोड दिएको छ। यसमार्फत लगानी प्रवर्धनका लागि स्वदेशी लगानीकर्ता, बहुराष्ट्रिय कम्पनीकसँग अन्तर्क्रिया, व्यापार सहजीकरण तथा सेवा प्रवाहमा सुधारको प्रयास गरिएको छ। उद्योग, लगानी, व्यापार तथा आपूर्ति क्षेत्रमा प्राथमिकताका साथ उत्पादकत्व अभिवृद्धि, निर्यात प्रवर्धन तथा उपभोक्ता हित संरक्षणका कार्य अगाडि बढेका छन्।

आर्थिक विकासको राष्ट्रिय लक्ष्यमा योगदान गर्न विकासशील राष्ट्रमा हुने स्तरोन्नतीमा आधारित रणनीति अवलम्बन गर्नु पर्नेछ।


तसर्थ, औद्योगिक लगानी बढाउन र गुणस्तरीय व्यापार पूर्वाधार विकासमा नीतिगत तथा व्यवहारिक पृष्ठपोषणका लागि सम्बन्धित सरोकारवाला सबैमा हार्दिक अनुरोध छ।

-सम्पादक मण्डल

## १. तथ्याङ्कमा उद्योग

### क) उद्योग दर्ता

चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा उद्योग विभागमा जम्मा ३८१ वटा नयाँ उद्योग दर्ता भएका छन्। दर्ता भएका उद्योगहरूमा रु. ४५ अर्ब ४५ करोड लगानी र १३४१७ रोजगारी प्रस्ताव भएको छ। दर्ता भएका जम्मा उद्योग मध्ये ठुला उद्योगको सङ्ख्या १३, मझौला उद्योगको सङ्ख्याः १८ र साना उद्योगको सङ्ख्या ३५० रहेको छ।




स्रोतः उद्योग विभाग

उद्योग विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ को पुस मसान्त सम्ममा जम्मा ७८१ वटा उद्योग दर्ता भएको र ती उद्योगमा १ खर्व ३० अर्व २ करोड लगानी र ३२ हजार ६ सय २७ रोजगारी प्रस्ताव भएको छ।

### ख) विदेशी लगानीः

चालु आ.व. को दोस्रो त्रैमासिक अवधिमा उद्योग विभागबाट १६४ वटा विदेशी लगानीका आयोजना एवम् उद्योगहरू स्वीकृत भएका छन्। सो मध्ये स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत भएका उद्योगहरूको सङ्ख्या ११७ रहेको छ। उद्योगहरूमा कुल रु. ३ अर्ब ६० करोड विदेशी लगानी र ती विदेशी लगानीका परियोजनामा ४०९८ रोजगारी प्रस्ताव गरिएको छ। चालु आ.व.को पुस मसान्तसम्ममा जम्मा ४७५ वटा उद्योग दर्ता भएको र ती उद्योगमा ३९ अर्व २३ अर्व लगानी र २० हजार १ सय २२ रोजगारी प्रस्ताव भएको छ।

**ग) पेटेन्ट डिजाइन र ट्रेडमार्कः**

चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिमा उद्योग विभागमा दर्ता भएका ट्रेडमार्कको संख्या १०८८ रहेको छ भने ७० वटा ट्रेडमार्क सम्बन्धी मुद्दाको कारबाही टुङ्गो/किनारा लगाइएको छ। भारतमा रियायती निर्यातको लागि सर्टिफिकेट अफ ओरिजिन सिफारिस सङ्ख्या १८ रहेको छ। उद्योग विभागबाट यस अवधिमा १४ वटा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न गरिएको छ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्म उद्योग विभागमा दर्ता भएका ट्रेडमार्कको संख्या १५२०, ट्रेडमार्क सम्बन्धी मुद्दाको कारबाही टुङ्गो/किनारा ११३, भारतमा रियायती निर्यातको लागि सर्टिफिकेट अफ ओरिजिन सिफारिस सङ्ख्या ३७ र प्रारम्भिक वातावरणीय परीक्षण संख्या ३८ रहेको छ।

**२. नीति, कानुन, कार्यविधि तर्जुमा/संशोधनः**

व्यवसाय सम्बर्धन सेवा सञ्चालनलाई समसामयिक तथा प्रभावकारी बनाउनका लागि व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गरी औद्योगिक व्यवसाय विकास प्रतिष्ठानमार्फत कार्यान्वयनमा आएको छ।

**३. स्टार्टअप प्रवर्धन कार्यक्रमः**

उद्यमशीलता प्रवर्द्धन, स्टार्टअप उद्यम कर्जा प्रवाहलाई थप प्रभावकारी बनाउन कार्यविधिगत स्पष्टता तथा प्रस्ताव मूल्याङ्कनका आधारहरूलाई थप वस्तुगत बनाउँदै स्टार्टअप उद्यम कर्जा कार्यक्रम सञ्चालन कार्यविधिमा आवश्यक संसोधन गरिएको छ। औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले आर्थिक वर्ष २०८२/८३ को वार्षिक विकास कार्यक्रम अन्तर्गत स्टार्टअप उद्यम कर्जाका लागि परियोजना प्रस्तावको प्रारम्भिक सूची प्रकाशनको लागि प्रारम्भिक मूल्याङ्कनको कार्य गरिरहेको छ।

**४. औद्योगिक तथा लगानी प्रवर्धन कार्यक्रमः**

**क)** मिति २०८२/९/१६ गते नेपालस्थित बहुराष्ट्रिय कम्पनीसँग नेपालमा पछिल्लो समयमा प्रत्यक्ष वैदेशिक लगानी प्रवर्धन गर्ने सम्बन्धमा सरकारले गरेका कानूनी तथा नीतिगत सुधार तथा बैदेशिक लगानीमार्फत उच्च आर्थिक वृद्धिको संभावना सम्बन्धमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। अन्तर्क्रिया कार्यक्रममा सरकार, निजी क्षेत्रका विभिन्न संघसंस्था र नेपालस्थित बहुराष्ट्रिय कम्पननिका प्रतिनिधिको सहभागिता रहेको थियो।

अन्तर्क्रिया कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघकव तर्फबाट नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको विद्यमान अवस्थाः चुनौती र अवसरहरु विषयमा प्रस्तुतीकरण भएको थियो। यसका साथै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय/उद्योग विभागबाट प्रत्यक्ष वैदेशिक लगानी प्रवर्धनका लागि नेपाल सरकारबाट भएका प्रयासहरु सम्बन्धी प्रस्तुतीकरण सम्पन्न भएको थियो।

कार्यक्रममा सहभागिहरुले नेपाल सरकारले लगानी प्रवर्धनमा गरेको सुधारहरु मुलुकमा आन्तरिक तथा बैदेशिक लगानी प्रवर्धन गर्न सहयोगी हुने धारणा व्यक्त गरेका थिए। लगानीकर्ताहरूमा नेपालप्रति सकारात्मक छवि निर्माण गर्न विमानस्थल आगमन र प्रस्थानको समुचित व्यवस्थापन गर्नुपर्ने, भू-उपयोग बर्गीकरणको लागि संङ्घ र स्थानीय तहमा कानूनी एकरुपता कायम गर्नुपर्ने लगायतका सुझाव सहभागिबाट प्राप्त हुन आएका छन्।

हाल कालोसूचीमा रहेका उघोगहरुको अवस्था धरासायी रहेकोले उद्योग धरासायी हुन नदिन कालोसूची प्रणालीलाई दण्डात्मक मात्र नभई सुधार र पुनर्जीवनमुखी बनाइनु पर्ने, Currency Hedging सुविधालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, कच्चा पदार्थ आयातमा सहजीकरण र जलविद्युत आयोजना निर्माणमा सहजता हुनेगरी EIA र IEE सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण हुनुपर्ने विषयमा लगानीकर्ताको जोड रहेको थियो।

**ख) समन्वय बैठक सम्पन्न**

मिति २०८२/०८/२० गते सात वटै प्रदेशका उद्योग तथा वाणिज्य हेर्ने सचिवसँग समन्वय बैठक सम्पन्न भएको छ। औद्योगिक विकासका लागि सङ्घ तथा प्रदेशतहमा रहेका संभावना र चुनौतीका विषयमा छलफल गरी तहगत सरकारबीच समन्व र सहकार्य प्रवर्धन तथा विषयगत समितिमा छलफल गर्ने एजेण्डाका विषयमा छलफल भएको थियो।

**ग) विशेष समितिको बैठक सम्पन्न**

मिति २०८२/०८/२१ गते उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र सम्बद्ध विषयगत समितिको बैठक माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रिज्यूको अध्यक्षतामा सम्पन्न भयो।

**बैठकका निर्णयहरुः**

१. विषयगत समितिको मिति २०८१/०५/१४ गतेको बैठकको निर्णयको कार्यान्वयन प्रगतिको समीक्षा गरियो। आगामी दिनमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका विषयहरुमा तहगत सरकारकावीच समन्वय र सहकार्य गर्दै निर्णय कार्यान्वयनको लागि ठोस प्रयास जारी राख्ने।

२. खानी तथा खनिज पदार्थसम्बन्धी विधेयकको मस्यौदाउपर प्रदेश सरकार र स्थानीय तहहरुवाट पृष्ठपोषण लिनका लागि खानी तथा भूगर्भ विभागकासम्बद्ध विज्ञ कर्मचारीहरुलाई सबै प्रदेशहरुमा सम्बन्धित प्रदेशको उद्योग तथा वाणिज्य सम्बन्धी विषय हेर्ने मन्त्रालयसँग समन्वय गरी प्रस्तुतीकरण र छलफलका लागि खटाउने। सम्बन्धित प्रदेश अन्तर्गतका स्थानीय तहहरुको समेत सक्रिय सहभागिता र पृष्ठपोषण प्राप्त गर्ने व्यवस्था प्रदेश सरकारको उद्योग तथा

वाणिज्य क्षेत्र हेर्ने मन्त्रालयले सुनिश्चितता गराउने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रसम्वद्ध सवल तथ्याङ्कीय प्रणाली स्थापना गर्न तीनै तहका सरकारहरुले कार्यान्वयनमा ल्याएका विभिन्न तथ्याङ्कीय सफ्टवेयर प्रणालीहरुको जानकारी लिई मन्त्रालयले त्यस प्रकारको सफ्टवेयर प्रणालीहरुवीच अन्तरआवद्धता कायम तथा एकीकरण गर्ने व्यवस्था मिलाउने।

४. सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगलाई बढावा दिन तिनै तहका सरकारले विशेष पहल गरी स्थानीय कच्चा पदार्थ सीप र पूँजीको प्रर्वद्धन गर्ने।

५. औद्योगिक ग्रामको शिघ्र पूर्वाधार निर्माण एवम् व्यवस्थित रुपले सञ्चालनका लागि स्थानीय सरकारलाई अनुरोध गर्ने र औद्योगिक ग्रामका जग्गासम्बन्धी समस्या समाधान गर्नका लागि प्रदेश सरकारको वनसम्वन्धी विषय हेर्ने मन्त्रालयलाई अनुरोध गर्ने।

६. संङ्घीय सरकारले पछिल्लो समयमा जारी गरेका नीति एवम् क्षेत्रगत कानूनको सम्बन्धमा जानकारी गराईयो। संवैधानिक प्रावधान चमोजिम नीति, कानुन तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा नेपालको संविधान, संघीय कानून एवं नेपाल सरकारका क्षेत्रगत नीति एवं आवधिक र वार्षिक योजना अनुरुप प्रदेश तथा स्थानीय सरकारले सामजस्यस्ता कायम गरी नीति कानुन योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने।

७. लघु, घरेलु तथा साना उधोग नवप्रवर्द्धनमा आधारित उधोग स्थानीय सीप र कच्चा पदार्थमा आधारित उधोग एवं स्टार्टअप व्यवसाय प्रर्वद्धन र विकास गर्ने तीनै तहका सरकारहरुले प्रक्रियागत सरलीकरण गरी सरल र सहजरुपमा सेवा प्रदान गर्ने निर्णय गरियो। स्टार्टअप व्यवसाय प्रवर्धन र विकासका लागि निजी क्षेत्र, विश्वविद्यालय र तहगत सरकारले समन्वय, सहकार्य र साझेदारी गर्ने।

८. विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र तथा औद्योगिक ग्राम निर्माण तथा सञ्चालनमा रहेका समस्या तथा चुनौतिका विषयमा विस्तृत छलफल गर्नुका साथै औद्योगीकरणको लागि प्रदेश तथा स्थानीय तहबाट समन्वय र सहजीकरण गर्ने।

९. गरिवी निवारणका लागि उधमशीलता विकास कार्यक्रम (मेड्पा कार्यक्रमको निरन्तरता र दिगोपनाका लागि लागत साझेदारीको आधारमा तीन तहका सरकारले समन्वय एवम् सहकार्य गर्ने। स्थानीय तहले उद्यम विकास सहजकर्ताको परिचालन गरी उद्यमी सिर्जनामा थप कार्य गर्ने।

१०. बजार अनुगमनलाई समन्वयात्मक र सहजीकरणको रुपमा अघि बढाई कालोबजारी, कृत्रिम अभाव र अस्वभाविक मूल्य लिने प्रवृत्तिलाई निरुत्साहित गर्दै उपभोक्ताको हक हित सुनिश्चित गर्ने गराउने। सो सम्बन्धी प्रदेश तथा स्थानीय तहको संयन्त्रलाई चलायमान गराई प्रभावकारी बनाउने।

११. चालु आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमको कार्यान्वयन बारेमा

जानकारी गराइयो। उक्त नीति तथा कार्यक्रमको आर्थिक अनुशासन कायम राखी कार्यक्रमबीच दोहोरोपना हुन नदिई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न तीनै तहका सरकारबीच समन्वय र सहकार्य गर्ने ।

१२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका निकायबाट संचालन गरिने प्रविधि हस्तान्तरण र सीप विकासका कार्यक्रममा दोहोरो नपर्ने गरी समन्वयात्मक हिसावले कार्यान्वयन गर्ने।

१३. उद्योग तथा फर्महरु जुनसुकै तहको सरकारमा दर्ता भए पश्चात पुनः अन्य तहको सरकारमा दर्ता गर्न नपर्ने गरी सबै तहका सरकारबाट मान्यता दिने। साना तथा घरेलु उद्योग दर्ताको प्रोत्साहनको लागि दर्ता शुल्क, सहुलियत तथा छुट प्रदान गर्न प्रदेश र स्थानीय सरकारलाई अनुरोध गर्ने।

१४. उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रका विविध सवालहरुको बारेमा विस्तृतमा सघन छलफल गरियो। आगामी दिनमा तीन तहका सरकारले आपसी संवाद, समन्वय, सहकार्य, र साझेदारीमार्फत क्षेत्रगत समस्या समाधानका लागि ठोस पहल गर्ने निर्णय गरियो।

## ५. वाणिज्य क्षेत्र

विश्व व्यापार संगठनको सचिवालयबाट गर्ने नेपालको तेस्रो व्यापार नीति पुनरावलोकनका लागि समन्वय तथा सहजीकरण र नेपालको तर्फबाट तयार गरिने National Country Report तयार एवं प्रस्तुत भई व्यापार नीतिको समिक्षा सम्पन्न भएको छ।

मिति २०८२ पुस २७ गते मानव तथा वनस्पति व्यापारका प्राविधिक अवरोध तथा निकासी तथा पैठारीमा विश्व व्यापार संगठनको अनुकूल हुने गरी मापदण्ड, प्राविधिक नियमन तथा अनुरुपता मूल्याङ्कन प्रक्रिया लागू गर्न सरोकारवाला निकायहरुलाई क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको।

निर्यात सम्भावना भएका वस्तुको भौगोलिक साङ्केतीकरण, ट्रेडमार्क, सामुहिक व्यापार चिन्ह. डिजाइन, पेटेन्ट, गोप्य व्यापारिक सूचना, प्रतिलिपि अधिकार लगायतका बौद्धिक सम्पत्ति संरक्षण र ट्रिप्स सम्झौता कार्यान्वयनको विषयमा सरोकारवाला निकायहरूलाई क्षमता अभिवृद्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको।

## ६. लघु घरेलु तथा साना उद्योग प्रवर्धन

कर्णाली र मधेश प्रदेशमा मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रमका लागि अनलाईन आवेदन संकलन गरी मूल्याङ्कनको कार्य भैरहेको छ। सीपमूलक तालिम अन्तर्गत जगन्नाथदेवलका महिला बन्दीहरुका लागि ३५० घण्टे तालिम सम्पन्न भएको छ।

## ७. आपूर्ति तथा उपभोक्ता हित संरक्षण

### क) सुपथ मूल्य पसल सञ्चालन

चाडपर्व लक्षित आपूर्ति व्यवस्थापनका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत ४२ जिल्लाका ६१ स्थान, साल्ट ट्रेडिङ कर्पोरेशन लि.मार्फत काठमाण्डौ उपत्यकाका १२ स्थान र ३ वटा मोवाईल भ्यान घुम्ती पसल मार्फत सुपथ मूल्य पसल संचालन भई आपूर्ती व्यवस्था सहज भएको छ।

वाणिज्य, आपुर्ति तथा उपभोक्ता हित संरक्षण विभागको महानिर्देशकको संयोजकत्वमा बजार तह निर्धारण र वस्तु तथा सेवाको मुल्यको मापदण्ड निर्धारण सम्बन्धी अध्ययन समिति गठन भई वस्तुको मूल्य निर्धारणको आधार र मापदण्ड तयार गर्ने प्रक्रिया अघि बढेको छ।

पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२ मिति २०८२/९/२१ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबाट स्वीकृत भएको।

साल्ट ट्रेडिङ कर्पोरेशन लि.मार्फत दुर्गम १७ जिल्लाका ६१ स्थानमा सहुलियत दरमा नुन ढुवानी सेवा संचालन भएको छ।

## ८. उत्पादकत्व लाभ साझेदारी कार्यक्रम

सन् २०२५ को एपीओ प्रतिवेदन Advancing Shared Prosperity: Best Practices in Productivity Gainsharing in Asia's Agri-food Sector ले कृषि—खाद्य क्षेत्रमा लाभ साझेदारीलाई समान नाफा वितरण, कार्यकुशलता अभिवृद्धि तथा प्रतिस्पर्धात्मकता सुदृढीकरणको प्रमुख साधनका रूपमा औंल्याएको छ। यसै सन्दर्भमा, एशियाली उत्पादकत्व संगठन (APO) को नेपालस्थित राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र (NPEDC) ले ७—९ जनवरी २०२६ मा कृषि क्षेत्रमा उत्पादकत्व लाभ साझेदारी सम्बन्धी बहुराष्ट्रिय अवलोकन अध्ययन भ्रमण सम्पन्न भएको छ। कोशी प्रदेशको इलाम र झापा जिल्लामा सञ्चालित चिया, छुर्पी र अलैची उद्योगमा केन्द्रित गरी आयोजना गरिएको यस कार्यक्रमको उद्देश्य कृषि क्षेत्रमा उत्पादकत्व वृद्धिबाट प्राप्त लाभ र मूल्य अभिवृद्धिलाई अझ न्यायोचित ढंगले वितरण गर्ने व्यावहारिक माध्यम प्रदान गर्दै समावेशी आर्थिक वृद्धि, सुदृढ ग्रामीण जीविकोपार्जन तथा दिगो कृषि—खाद्य प्रणालीलाई प्रवर्द्धन गर्ने रहेको थियो।

अवलोकन भ्रमणमा एपीओका १३ सदस्य राष्ट्रबाट ३५ जना प्रतिनिधि तथा जापान, मलेसिया र नेपालका चार जना स्रोतव्यक्तिको सहभागिता रहेको थियो। भ्रमणअन्तर्गत चिया उत्पादनमा आवद्ध किसानहरुको सहकारीमार्फत सञ्चालित चिया उद्योग तथा चिया बगान, दुग्ध तथा चीज उद्योग, अलैंची खेती र प्रशोधन केन्द्र तथा कृषि—पर्यटन होमस्टेमा स्थलगत अवलोकनका साथै विषयगत सत्रहरू सञ्चालन गरिएका थिए। विषयगत सत्रहरुमा सहकारी उत्पादन, मूल्य अभिवृद्धि, बजार संयोजन, नवप्रवर्तन तथा लाभको न्यायोचित वितरण सम्बन्धी प्रस्तुती, प्रस्तुतीका सवालहरुमा छलफल तथा विभिन्न मुलुककमा भएका व्यावहारिक अभ्यासहरूबारे अनुभव आदानप्रदान भएको थियो।

## सम्पादक मण्डल

- सहसचिव, श्री कल्पना श्रेष्ठ, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- कार्यक्रम निर्देशक, श्री रामहरि पाण्डे, राष्ट्रिय योजना आयोग
- उपसचिव, श्री सृजना तिवारी, वैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- उपसचिव (लेखा), श्री उदयराज भट्टराई, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- शाखा अधिकृत, श्री भेषराज शर्मा, वैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय